चेतनप्रवाहमा सारेगमप लामो कवितामा डायोस्पोरिक चेतना

डा. अम्बिका अर्याल
पद्मकन्या बहुमुखी क्याम्पस

https://doi.org/10.3126/gyandeep.v11i01.96609

लेखसार

लालगोपाल सुवेदीको 'चेतनप्रवाहमा सारेगमप' शीर्षकको लामो कवितामा डायोस्पोरिक चेतना पाइन्छ । डायोस्पोरिक लेखनमा जन्मभूमिबाट टाढा भएका मानिसहरूको जीवन, पहिचान सङ्घर्ष, संस्कृति, भाषा र सम्झनालाई विषय बनाइएका हुन्छन् । डायोस्पोरिक चेतनायुक्त साहित्यिक रचनामा विस्थापन, स्वदेशप्रतिको मोह, पहिचान सङ्कट, बहुसांस्कृतिक द्वन्द्व र घरको खोजीजस्ता विषयहरूलाई प्रस्तुत गरिएको हुन्छ । सुवेदीका 'चेतनप्रवाहमा सारेगमप' शीर्षकको लामोकवितामा पनि विदेशमा बसेका मानिसले गर्ने जन्मभूमिको सम्झना, चिन्ता, मोह, पहिचानको सङ्कट जस्ता विषयहरू समेटिएका छन् । तसर्थ यस कृतिमा अभिव्यक्त डायोस्पोरिक चेतना केकस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासा यसको शोध समस्या बनेको छ । यही जिज्ञासाको समाधान गर्नु नै यस लेखको उद्देश्य रहेको छ । यसका लागि सुवेदीको 'चेतनप्रवाहमा सारेगमप' पुस्तकलाई प्राथमिक सामग्रीका रूपमा र यस कृतिका बारेमा भएका समीक्षा तथा डायोस्पोरिक चेतनासम्बन्धी सैद्धान्तिक अवधारणा प्रस्तुत भएका कृतिलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसमा पुस्तकालयीय कार्यबाट नै सामग्रीको सङ्कलन गरिएको छ । सामग्रीको विश्लेषण भने पाठमा आधारित भएर विश्लेषणात्मक तथा वर्णनात्मक पद्धतिबाट गरिएको छ । डायोस्पोरिक चेतनासम्बन्धी सैद्धान्तिक दृष्टिकोणका आधारमा कृतिको विश्लेषण गरी प्राज्ञिक जिज्ञासाको निरूपण गरिएको हुनाले यसमा निगमनात्मक विधिको प्रयोग गरिएको छ । गुणात्मक प्रवृत्तिको यस लेखमा विस्थापन, स्वदेशप्रतिको मोह, पहिचान सङ्कट, बहुसांस्कृतिक द्वन्द्व र घरको खोजीजस्ता डायस्पोरिक चेतनाका प्रमुख बुँदाका आधारमा कृतिको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यसबाट सुवेदीको यस कृतिमा अमेरिकामा बसेर नेपाली समाजमा भएका विकृति र विसङ्गतिको चिरफार गरी इतिहास, संस्कृति तथा पहिचानप्रतिको चिन्ता व्यक्त गरिएको सन्दर्भका माध्यमबाट डायस्पोरिक चेतना प्रबल बनेको निष्कर्ष निकालिएको छ ।

शब्दकुञ्जी : डायस्पोरिक, पहिचान, विघटन, विस्थापन, सङ्कट ।

विषयप्रवेश

स्याङ्जा जिल्लामा वि.सं. २०२७ मा जन्मिएका लालगोपाल सुवेदीका विभिन्न विधाका डेढ दर्जनभन्दा बढी पुस्तक प्रकाशित भइसकेका छन् । कविता, निबन्ध, गीत तथा समालोचनामा कलम चलाउने सुवेदीको हालसालै प्रकाशित लामो कविताका रूपमा चेतनप्रवाहमा सारेगमप (२०८१) देखापरेको छ । उनले यसभित्र नेपाली समाजको स्मरण, चिन्तन तथा परिस्थितिवश विदेसिएका नेपालीहरूको नेपालप्रतिको प्रेमलाई उजागर गरेका छन् । यसर्थ यसमा डायोस्पोरिक चेतना प्रबल बनेको छ । उनका अन्य कृतिका बारेमा भएका समीक्षा तथा टिप्पणीलाई शब्दविम्बमा कवि लालगोपाल सुवेदी (२०८०) मा समेटिएको भए तापनि यस कृतिका बारेमा भने यसमा अध्ययन भएको पाइँदैन । तर यसका बारेमा भएका केही अध्ययनमा यसभित्र डायस्पोरिक चेतना पाइने सन्दर्भलाई पनि सङ्केत भने गरिएको छ । यस क्रममा अभि सुवेदी (२०८१) ले 'लालगोपालको प्रभावकारी काव्यशैली' शीर्षकको भूमिका लेखमा प्रस्तुत लामो कवितामा कवि सुवेदीले नेपाली, इतिहास, विविध संस्कृति र जीवनशैली अनि नेपालीको आजको युगमा आफूलाई चिन्ने र चिनाउने शैलीहरूलाई काव्यात्मक रूप दिएको बताएका छन् । यस्तै गोविन्दराज भट्टराई (२०८१) ले 'नवीन सिर्जना टेक्निकको सफल प्रयोगले बनेको उत्कृष्ट रचना' शीर्षकको भूमिका लेखमा सुवेदीका काव्यात्मक सिर्जनामा आफ्नो अनुपस्थितिको देश उपस्थित हुँदाका सम्झनाको आँसुले भिजाउँदाको क्षणजस्ता दुई शक्ति जुधेको बताएका छन् । उनले यस कृतिलाई डायस्पोरिक राइटिङको एक विशिष्ट नमुना तथा नेपाली कवितामा एक नवीनतम प्रयोगको साहसिक र अति कलात्मक प्रस्तुतिका रूपमा समेत लिएका

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

छन् । यसर्थ सुवेदीको प्रस्तुत कृतिमा डायस्पोरिक चेतना पाइने भए पनि यसमै केन्द्रित भएर हालसम्म अध्ययन भइनसकेको स्थितिमा प्रस्तुत लेख तय गरिनु औचित्यपूर्ण र सान्दर्भिक देखिएकाले विश्लेष्य कृतिमा प्रस्तुत डायस्पोरिक चेतनाको निरूपण यहाँ गरिएको छ ।

डायस्पोरिक चेतनासम्बन्धी सैद्धान्तिक अवधारणा

"डायस्पोरा" शब्दको उत्पत्ति प्राचीन ग्रीक शब्द Diaspora बाट भएको हो । यो dia र spora मिलेर बनेको शब्द हो । dia को अर्थ "पार" वा "मार्फत्" र spora को अर्थ "छर्नु" भन्ने हुन्छ । यसर्थ डायस्पोराको शाब्दिक अर्थ "छरिने" वा "फैलिने" भन्ने हुन्छ (ब्राजेल र म्यानर, सन् २००३, पृ. ६) । प्रारम्भमा यो शब्द बबिलोनियाको निर्वासनपछि यहूदीहरूको आफ्नै मातृभूमिबाट छरिने अवस्थालाई जनाउन प्रयोग गरिन्थ्यो । तर पछि यसको अर्थ फराकिलो हुँदै गयो । आफ्नो मूलभूमिबाट टाढा सरेर बसेका कुनै पनि जाति, समुदाय वा समूहका आफ्ना सांस्कृतिक, भावनात्मक वा राजनीतिक सम्बन्धहरू मातृभूमिसँग कायम राख्ने सन्दर्भलाई यसले जनाउन थाल्यो (कोहेन, सन् १९९७, पृ. ३) । यसर्थ डायस्पोरा शब्दले भौतिक विस्थापनलाई मात्र नभएर मातृभूमिसँगको पहिचान, स्मृति र सम्बन्धको जटिलतालाई पनि प्रतिनिधित्व गर्दछ ।

डायस्पोरामा इक (ic) प्रत्यय लागेर बनेको डायस्पोरिक विशेषण शब्दले डायस्पोरासँग सम्बन्धित वा डायस्पोरिक अवस्थासँग जोडिएको भन्ने बुझाउँछ (हल, सन् १९९०, पृ. २२५) । डायस्पोरिक चेतना भनेको विस्थापित समुदायमा रहेका व्यक्तिहरूको यस्तो मानसिकता हो जसले उनीहरूलाई आफ्नो जन्मभूमि र नयाँ बसोबासको स्थानबिच बाँधेर राख्छ । यस चेतनामा आफ्नो सांस्कृतिक जराप्रति माया र त्यसको संरक्षण गर्ने भावना साथै नयाँ समाजसँग मेलमिलाप र समायोजन गर्ने प्रयास सम्मिलित हुन्छन् (हल, सन् १९९०, पृ. २२५) । डायस्पोरिक चेतना केवल शारीरिक विस्थापन मात्र नभएर सामाजिक, सांस्कृतिक, भावनात्मक र राजनीतिक सम्बन्धहरूको पुनःनिर्माण एवम् पुनरावृत्ति हो । यसले विस्थापितहरूलाई आफ्नै पहिचान र सम्बन्धहरू पुनःखोज्न प्रेरित गर्छ (ब्राह, सन् १९९६, पृ. १८१) । यसले विस्थापनको पीडा र सम्भावनालाई समेत समेटेर नयाँ सांस्कृतिक अनुभव र बहुस्थानिक (multilocal) जीवनशैली निर्माण गर्दछ ।

डायस्पोरा सिद्धान्तले आफ्नो मातृभूमिबाट टाढा रहेर पनि सांस्कृतिक, भावनात्मक र राजनीतिक सम्बन्ध कायम राख्ने समुदायहरूको अनुभवहरूको अध्ययन गर्छ । साहित्यमा डायस्पोरा सिद्धान्तले देशबाट विस्थापित मानिसहरूको पहिचान, संस्कृति, सम्झना र दैनन्दिन सङ्घर्षहरूलाई लेखनद्वारा विश्लेषण गर्ने आधार दिन्छ । यस्ता साहित्यहरूमा अलगाव, विस्थापन, मातृभूमिको सम्झना, द्वैध पहिचान र सांस्कृतिक सङ्घर्षका कथाहरू प्राथमिकतामा रहेका हुन्छन् । डायस्पोरा सिद्धान्त उत्तर–औपनिवेशिक सिद्धान्त, भूमण्डलीकरण र ट्रान्सनेसनल सिद्धान्तसँग सम्बन्धित छ । यस सिद्धान्तले विस्थापन केवल भौगोलिक नभएर सांस्कृतिक, भाषिक एवम् भावनात्मक रूपान्तरणको प्रक्रिया भएको मान्दछ । यसले साहित्यलाई एउटा पहिचान, सम्झना र स्थानको पुनःपरिभाषा गर्ने मञ्च बनाउँछ (ब्राजेल र म्यानर, सन् २००३, पृ. ७) ।

डायस्पोरिक साहित्यमा विस्थापन र निर्वासनलाई प्रमुख विषय बनाइएको हुन्छ । यस्तो साहित्यको केन्द्रमा "विस्थापन" हुन्छ । युद्ध, उपनिवेश, गरिबी वा अवसरको खोजी आदिले गर्दा मानिस आफ्नो देश छाड्न बाध्य हुन्छन् । यो शारीरिक विस्थापनसँगै भावनात्मक निर्वासन र मूलतः जरा (roots) नभएर यात्रा (routes) को स्थिति हो (क्लिफोर्ड, सन् १९९४, पृ. ३०८) । डायस्पोरिक साहित्यमा मातृभूमिप्रति मोह राख्ने तर त्यहाँ फर्कन नसक्ने स्थितिका पात्रको उपस्थिति हुन्छ । सलमान रुस्दीले आफ्ना कृतिहरूमा यस्तो अवस्थालाई "imaginary homelands" का रूपमा प्रस्तुत गरेका छन् । यस अवस्थामा मातृभूमि स्मृतिमा मात्र बाँकी रहन्छ (रुस्दी, सन् १९९१, पृ. १०) । निर्वासन पहिचानमा, परिवारमा र सम्बन्धहरूमा हुने बाह्य एवम् भित्री छटपटी हो । धेरै डायस्पोरिक साहित्यमा पात्रहरू घरको सम्झना, भाषाको पतन र परम्परागत मूल्यहरू जोगाउने प्रयासमा तनावपूर्ण स्थितिमा

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

प्रस्तुत हुन्छन् । डायस्पोरामा सांस्कृतिक समायोजनको चिन्ता हुन्छ । यसमा हाइब्रिड पहिचानको असर हुन्छ । होमी भाभाले फरक संस्कृतिहरूको भेटघाट हुने र नयाँ पहिचान निर्माण हुने स्थानलाई "तेस्रो भूमि" का संज्ञा दिएका छन् (भाभा, सन् १९९४, पृ. ३७) । डायस्पोरिक साहित्यमा यही 'मिश्रित पहिचान' को कथा हुन्छ । यसमा न पात्र पूर्ण रूपमा आफ्नै देशको रहन्छ, न नयाँ देशमा पूर्ण रूपमा घुलमिल हुन सक्छ । डायस्पोरिक लेखकहरूले प्रायः आफ्नो साहित्यमा विविध भाषाको मिश्रण गर्दछन् । यस्ता लेखनमा लेखकले आधा मातृभाषा र आधा अङ्ग्रेजी वा अन्य भाषाको प्रयोग गर्दछन् । यस्तो भाषिक मिश्रण केवल लेखन शैली मात्र नभएर सांस्कृतिक अवस्था र लेखकीय विद्रोह पनि हो । यसले प्रभुत्वशाली संस्कृतिको विरोध गर्दछ ।

स्मृति र नस्टाल्जिया (Nostalgia) डायस्पोरिक साहित्यको मेरुदण्ड हो । स्वदेशबाट टाढा रहेर पनि मातृभूमिको सम्झनाले पात्रहरूलाई निरन्तर पछ्याइरहन्छ । नस्टाल्जिया दुई प्रकारका हुन्छन् : "restorative nostalgia" जुन गुमेको घर फर्काउने आकांक्षा हो र "reflective nostalgia" जुन केवल सम्झनामा रमाउने प्रक्रिया हो (बोयम, सन् २००१, पृ. ४१–४२) । खानपान, गन्ध, गीत र जातीय पर्वहरू जस्ता सांस्कृतिक स्मृतिहरू डायस्पोरिक साहित्यमा जीवन्त हुन्छन् । यी तत्त्वहरू पात्रहरूको पहिचान जोड्ने पुल बनाउँछन् । धेरै लेखकहरूले आफ्नो अतीत सम्झँदै वर्तमानसँग तुलना गर्छन् । यसले द्वैध भावनात्मक संसारको सिर्जना गर्छ । तर स्मृति सधैं यथार्थ हुँदैन । गुमेको देशलाई आदर्श बनाउने प्रवृत्तिले वास्तविकता र कल्पनाबिचको द्वन्द्व सिर्जना गर्छ । रुस्दीले यस्तो देशलाई "imaginary homeland" वा कल्पनाको देश भनेका छन् (रुस्दी, सन् १९९१, पृ. १२) । अतीतप्रतिको मोहमा भावनात्मक वा कल्पनात्मक देशको निर्माण गर्ने प्रवृत्ति यस्ता लेखनमा पाइन्छ ।

डायस्पोरिक साहित्यमा भाषा द्वन्द्वका रूपमा देखापर्दछ । यसमा खासगरी मातृभाषा र नयाँ देशको भाषा बिचको द्वैधताले पहिचानमा असर पार्ने देखिन्छ । लेखकहरू आफ्ना कथाहरूमा द्वैभाषिक संवाद, कोड–स्विचिङ्ग र संस्कृतिसँग सम्बन्धित अपूर्व शब्दहरूको प्रयोग गर्छन् । यस्तो भाषिक प्रयोगले वर्चस्वशाली भाषाको प्रतिरोध गर्दछ । खासमा भाषा सम्प्रेषणको माध्यम मात्र नभएर त्यो पहिचान र अनुभवको स्रोत हो । भाषाको अन्तर्वर्ती स्थानमै नयाँ अर्थहरू जन्मिन्छन् (भाभा, सन् १९९४, पृ. ३८) । डायस्पोरिक लेखनमा मिश्रित भाषाले पहिचान र प्रतिरोधलाई द्योतन गरेको हुन्छ । डायस्पोरिक साहित्यमा पुस्ता–पुस्ताबिचको द्वन्द्व प्रमुख विषय बनेर देखापर्दछ । यसमा आमाबाबुले जोगाउन खोजेको संस्कृति र सन्तानले अपनाएको नयाँ परिवेशबिचको टकराव कथा–विकासको मूलधार बन्छ । दोस्रो पुस्ताले जन्मभूमिसँग अलग बनेको पहिचानलाई पुन आविष्कार गर्ने प्रयत्न गर्दछ (स्टुअर्ट हल, सन् १९९०, पृ. २२५) । सन्तानहरूले आफ्ना आमाबाबुको आशा र सांस्कृतिक नियमहरूका बिचमा सङ्घर्ष गर्नुपर्ने हुन्छ । यसबाट प्रेम र अस्वीकारबिच, स्वीकृति र सङ्घर्षबिचको अन्तरविरोध जन्मिने गर्दछ ।

डायस्पोरिक लेखकहरू धेरैजसो परम्परागत कथा शैलीहरू तोडेर नयाँ प्रविधिहरू अपनाउँछन् । अनियत कालक्रम, बहु–दृष्टिकोण, अस्थिर कथावाचक र आत्म–प्रतिबिम्ब जस्ता प्रवृत्ति यस्ता लेखनमा पाइन्छ । यस्तो शैलीले विस्थापित चेतनाको अभिव्यक्ति गर्दछ (मिश्रा, सन् १९९६, पृ. ४३६) । डायस्पोरिक लेखनमा स्मृति, कल्पना र यथार्थ मिश्रित रूपमा प्रस्तुत गरिएका हुन्छन् । त्यस्तै यस्ता लेखनमा खाना, पहिरन, भाषा र रीतिरिवाजहरू शैलीगत प्रतीकका रूपमा प्रस्तुत गरिएका हुन्छन् । यी प्रतीकहरूले विस्थापन र संस्कृतिको पुनर्निर्माण बिचको सम्बन्धलाई उजागर गर्छ ।

डायस्पोरा सिद्धान्तले सांस्कृतिक पक्षका साथसाथै राजनीतिक पक्षलाई समेत उजागर गरेको हुन्छ । यसले राष्ट्रिय पहिचानको सीमिततालाई चुनौती दिन्छ र नागरिकता, आप्रवासी नीति, जातीयता तथा बहिष्करणजस्ता विषयमा आलोचनात्मक दृष्टिकोण राख्दछ –ब्राजेल र म्यानर, सन् २००३, पृ. ६) । डायस्पोरिक साहित्यले उपनिवेशवादी इतिहास, जातीय भेदभाव, र आप्रवासी समस्याहरूलाई उजागर गर्छ । यस किसिमको साहित्यले

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

भूमण्डलीकरणपछि बनिएका नयाँ पहिचानहरूलाई समर्थन गर्छ । डायस्पोरिक लेखनले पार–राष्ट्रिय (transnational) एकता निर्माण गर्न सक्ने सम्भावना राख्छ (हल, सन् १९९०, पृ. २३१)।

यसरी डायस्पोरिक साहित्यमा विस्थापन, मातृभूमिको सम्झना, द्वैध पहिचान र सांस्कृतिक सङ्घर्षका कथा, निर्वासन, नागरिकता, आप्रवासी नीति, जातीयता तथा बहिष्करणजस्ता विषयमा आलोचनात्मक दृष्टिकोण प्रस्तुत गरिएको हुन्छ । यसमा मिश्रित पहिचान, स्मृति र नस्टाल्जिया, वास्तविकता र कल्पनाबिचको द्वन्द्व, पुस्ता–पुस्ताबिचको द्वन्द्व, नवीन शैलीको प्रयोग, उपनिवेशवादी इतिहास, जातीय भेदभाव र आप्रवासी समस्याको उजागर गरिएको हुन्छ। डायस्पोरिक चेतनाले यस्ता विविध पक्षहरू कृतिमा कसरी प्रस्तुत भएका छन् भनी अध्ययन तथा विश्लेषण गर्दछ। तसर्थ यस लेखमा यिनै पक्षहरू कसरी आएका छन् भन्ने तथ्यको खोजी यहाँ गरिएको छ।

परिणाम र छलफल

डायोस्पोरिक चेतनाका कोणबाट लालगोपाल सुवेदीको लामो कविता चेतनप्रवाहमा सारेगमपको विश्लेषणका लागि डायस्पोरिक सिद्धान्तका मुख्य अवधारणा, मान्यता तथा विशेषतालाई आधार बनाइएको छ। यस क्रममा सुवेदीका कृतिका सापेक्षमा डायस्पोरिक अवधारणाका सांस्कृतिक नस्टाल्जिया, पहिचानको द्वन्द्व, सांस्कृतिक विस्थापन, सीमाहीन मानसिक अवस्था, मिश्रित पहिचानको निर्माण, राष्ट्रिय पहिचानप्रतिको मोह, मातृभूमिप्रतिको नस्टाल्जिया, आत्मकथनात्मक लेखनको प्रभावजस्ता प्रवृत्तिको विश्लेषण यहाँ गरिएको छ।

सांस्कृतिक नस्टाल्जिया

सांस्कृतिक नस्टाल्जिया आफ्नो पहिलाको जीवनशैली, परम्परा र संस्कृतिप्रतिको भावनात्मक तिर्सना र गुमाएको अनुभूति हो। यो विशेषगरी डायस्पोरा (प्रवासी अनुभव) मा देखिन्छ तर कहिलेकाहीँ आफ्नै देशमै पनि सांस्कृतिक परिवर्तन वा क्षय हुँदा यस्तो स्थिति देखा पर्ने गर्दछ। सुवेदीको लामो कवितामा पनि अतीतप्रतिको मोह, वर्तमानप्रति असन्तुष्टि एवम् सांस्कृतिक विस्थापनको पीडाको अभिव्यक्तिका क्रममा सांस्कृतिक नस्टाल्जिया उत्पन्न भएको देखाइएको छ। उनी लेख्छन् :

सारङ्गी देख्दिनँ, बाँसुरी देख्दिनँ
सुन्दिनँ कुनै मधुर सङ्गीत
चराको गीत
यस्तो भयप्रद वातावरणमा
शान्ति क्षेत्र प्रस्ताव गयल छ
मेरो, तिम्रो, उसको जोसुकैको अनुहारमा
शान्ति क्षेत्रको अनुभव गयल छ जनसागरमा (पृ.३७)

यी पङ्क्तिहरूमा अतीतप्रतिको तीव्र तिर्सना र हराएको सांस्कृतिक संसारप्रति गहिरो पीडालाई प्रस्तुत गरिएको छ। सारङ्गी, बाँसुरी, चराको गीत जस्ता नेपाली ग्रामीण सांस्कृतिक सौन्दर्यका प्रतीकहरू हराउँदै जाँदाको पीडा यसमा छ । यी चीजहरूको अनुपस्थितिले दृश्यलाई मात्र नभएर सांस्कृतिक पहिचानलाई नै विस्थापित गर्दै गएको अवस्थाप्रतिको चिन्ता यसमा प्रस्तुत गरिएको छ। डायस्पोरिक चेतनामा यस किसिमको नस्टाल्जिया कुनै व्यक्ति वा समुदाय आफूसँग जोडिएको भौतिक र सांस्कृतिक परिवेशबाट टाढा हुन पुग्दा र सांस्कृतिक शून्यताको अनुभूति हुँदा उत्पन्न हुने धारणा राखिन्छ। यस कवितामा पनि कवि आफू वैदेशिक भूमिमा उभिएर सांस्कृतिक निर्वासनको अनुभूति गरेको देखिन्छ। भौतिक रूपमा टाढा भएर मात्रै होइन, स्वदेशमै हुँदा पनि सांस्कृतिक पहिचान गुमाउँदै गएका अवस्थामा यस किसिमको अवधारणा उत्पन्न हुनु समेत सांस्कृतिक नस्टाल्जिया हो। तर यहाँ अमेरिकामा बसेर नेपालप्रतिको चिन्ता गरिरहेका कविले सारङ्गी, बाँसुरी, चराको गीत, शान्तिको अनुभूति नगरेको तथ्यका माध्यमबाट सांस्कृतिक नस्टाल्जियासम्बन्धी डायस्पोरिक चेतनालाई प्रस्तुत गरिएको छ।

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।

पहिचानको द्वन्द्व

पहिचानको द्वन्द्वले व्यक्तिले आफूलाई कुन ठाउँ वा समूहसँग जोड्ने भन्ने कुराको अनिश्चितता र सङ्घर्ष अनुभुतिलाई बुझाउँछ। जब व्यक्ति दुई वा बढी भिन्न संस्कृति, भाषा वा सामाजिक मान्यताहरूका बिचमा हुँदा दुवै ठाउँबाट पूर्ण रूपमा स्वीकार नगरिने वा नअपनाइने स्थिति पहिचानको द्वन्द्व हो। यस अवस्थामा व्यक्तिले आफूलाई यता न उताको अनुभव गर्छ। यस्तो भावनाले व्यक्तिभित्र आत्म–अस्वीकृति, एकान्तता र मानसिक अस्थिरता ल्याउन सक्छ। डायस्पोरिक जीवनशैलीमा आफ्नो मूल देश छोडेर अर्को देशमा जाँदा पहिचानको द्वन्द्वमा परेको स्थितिलाई यस कवितामा यसरी प्रस्तुत गरिएको छ :

यता आए पनि एक्ली तिमी उता गए पनि एक्ली
तिम्रो प्रतिरूप तिम्रै लोग्ने सहँदैन
न त यताकोले सहन्छ न त उताकोले सहन्छ (पृ.५४)

यस कवितांशमा प्रवासी वा विस्थापित महिलाको भावनात्मक द्वन्द्व स्पष्ट रूपमा झल्किन्छ। यसमा महिलाले आफ्नो देश र पराय देश दुवैमा आफूलाई एक्लो महसुस गरेको देखाइएको छ। जीवनमा कुनै पनि स्थानमा पूर्ण अपनत्व नभएको र आफ्नो पहिचानले सुरक्षित बन्न नसकेको स्थिति यसमा देखिन्छ। यस कविताले सामाजिक अस्वीकारको स्थितिलाई समेत उजागर गरेको छ। "तिम्रो प्रतिरूप तिम्रै लोग्ने सहँदैन" भन्ने पङ्क्तिका माध्यमबाट परिवारबाट टाढिएर बाध्यतावश विभिन्न पेसामा संलग्न भएका नारीहरूलाई स्वदेशमा आफ्नै लोग्नेले स्विकार्न नसकेको, सम्बन्ध टुटेको, पहिचान हराएको अवस्थाको वर्णन यसमा गरिएको छ।

यसरी यस कविताले प्रवासी जीवनले सिर्जना गरेको पहिचानहीनताको स्थिति, मनोवैज्ञानिक पीडा र एकान्तताको भावलाई देखाएको छ। यसले मानसिक र सांस्कृतिक दूरीको परिणामले प्रवासी महिलाको जीवनमा पारेको पहिचानको सङ्कटका माध्यमबाट डायस्पोरिक चेतनालाई प्रस्तुत गरेको छ।

सांस्कृतिक विस्थापन

डायस्पोरामा सांस्कृतिक विस्थापनले मानिसले आफ्नो जन्मभूमि, भाषा, परम्परा र सांस्कृतिक मूल्यहरूबाट टाढिएर नयाँ स्थान वा समाजमा बसोबास गर्दा अनुभव हुने सांस्कृतिक विच्छेदन र अपरिचयको अवस्थालाई जनाउँछ। जब व्यक्तिहरू विदेश वा नयाँ परिवेशमा पुग्छन्, उनीहरू पुरानो संस्कृतिको निरन्तरता कायम राख्न सङ्घर्ष गर्छन् तर नयाँ संस्कृतिमा पूर्ण रूपमा घुलमिल हुन पनि गाह्रो हुन्छ। यसले गर्दा उनीहरू आफ्नो मौलिक पहिचान गुमाउने डर, संस्कार भुलिने चिन्ता र नयाँ पुस्तामा संस्कृति हस्तान्तरण नहुन सक्ने आशंका गर्छन्। यस्तो अवस्थाले व्यक्तिमा अस्थिरता, दोहोरो चेतना र सांस्कृतिक असुरक्षाको भावना सिर्जना गर्छ। पछिल्ला पुस्ताले नेपाली संस्कृतिलाई भुल्न सक्ने चिन्ता यस कवितामा सांस्कृतिक विस्थापनसम्बन्धी डायस्पोरिक चेतनाका रूपमा प्रस्तुत भएको पाइन्छ। कवि भन्छन् :

अब आउने नातिले चौतारी चिन्दैन
चिन्दैन घुमाउने घर
ढिकी, जाँतो, पानीघट्ट
डोको, नाम्लो, उखु पेल्ने कोल
अब कसैको पनि नाति पुस्ताले चिन्ने छैन (पृ. ५६)

यस कवितांशमा सांस्कृतिक विस्थापनको चिन्तासम्बन्धी चेतना प्रस्ट देखिन्छ। यहाँ कविले ग्रामीण नेपाली समाजसँग गहिरो सम्बन्ध राख्ने भौतिक तथा सांस्कृतिक प्रतीकहरू (चौतारी, घुमाउने घर, ढिकी, जाँतो, पानीघट्ट, डोको, नाम्लो, कोल) को उल्लेख गर्दै पुरानो पुस्ताको जीवनशैलीलाई प्रतिनिधित्व गर्ने यस्ता प्रतीक विस्तारै हराउँदै जान सक्ने चिन्ता प्रकट गरेका छन्। डायस्पोरिक चेतनामा सांस्कृतिक विस्थापनको मूल जरो आफ्नो मूल संस्कार,

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।

जीवनशैली, भौगोलिक परिवेश र सामाजिक संरचना छाडेर नयाँ परिवेशमा बस्दा पुराना पहिचानका सङ्केतहरू क्रमशः हराउँदै जानु हो । यस कवितामा "अब कसैको पनि नाति पुस्ताले चिन्ने छैन" भन्ने वाक्यले बसाइँसराइ वा आधुनिकताले गर्दा नेपाली संस्कृतिका मौलिक वस्तुहरू पुस्तान्तरणबाट वञ्चित भइरहेको स्थितिमार्फत् प्रस्तुत डायस्पोरिक चिन्तनलाई देखाएको छ । यस किसिमको चेतना केवल भौगोलिक बसाइँसराइको मात्र नभएर सांस्कृतिक निर्वासनको चेतना हो । कविले देश विदेशमा छरिएका वा नेपालमै बसोबास गरेका नयाँ पुस्ताले परम्परागत संस्कृति र रीतिरिवाज चिन्न छाड्ने चिन्ताका माध्यमबाट परम्परागत जीवनशैलीबाट टाढिने, सांस्कृतिक सम्पदाको विस्मृति हुने तथा सांस्कृतिक निरन्तरताको सङ्कट हुने विचार प्रस्तुत गरेका छन् । यसले सांस्कृतिक विस्थापनसम्बन्धी डायस्पोरिक चेतनालाई प्रस्ट पारेको छ ।

सीमाहीन मानसिक अवस्था

सीमाहीन मानसिक अवस्थाले व्यक्ति कुनै निश्चित पहिचान, भूगोल वा संस्कृतिमा पूर्ण रूपमा बाँधिन नसक्दाको मनोवैज्ञानिक अवस्थालाई जनाउँछ । विशेषतः डायस्पोरिक व्यक्तिहरूमा देखिने यो अवस्था द्वन्द्वात्मक चेतनाबाट उत्पन्न हुन्छ । यस्ता व्यक्तिहरू न त पुरानो मातृभूमिसँग पूर्ण रूपमा जोडिन सक्छन् न त नयाँ परिवेशमा आत्मीयता महसुस गर्न सक्छन् । यस्तो अवस्थामा व्यक्ति निरन्तर खोज, अधुरोपन र अस्थिरताभित्र बाँच्छ । उसको चेतना स्थिर नभएर भाषा, सम्झना र संस्कृतिको छेउछाउमा भौतारिरहन्छ । यसले उसमा स्थायित्वको अभाव, बेचैनी र पहिचानका प्रश्नहरू जन्माउँछ । कविले यस कवितामा अस्थिरता, छटपटी, सम्झना र खोजलाई यसप्रकार प्रस्तुत गरेका छन् :

> लागेको छ तिर्खा
> पिउँदै छु पनी प्लास्टिकको बोतलबाट
> पिउँछु जतिजति पानी झन्झन् बढ्दै पो छ तिर्खा
> आँत भरिँदै भरिँदैन मेरो चेतनप्रवाहमा (पृ. ६८)

यसमा 'तिर्खा लाग्नु' र 'झन् झन् बढ्दै जानु' भन्ने अनुभूति सामान्य प्यासको खोजीमा नभएर गहन मानसिक र आत्मिक तृष्णाको खोजीमा केन्द्रित डायस्पोरिक अनुभूति हो । त्यो तृष्णा कुनै एक संस्कृतिमा अडिन नसक्ने, कुनै एक पहिचानले सन्तुष्ट हुन नसक्ने चेतनाको रूप हो । कविले भौतिक रूपमा पानी पिए पनि तिर्खा मेटिँदैन भनेर एउटा अविनाशी चाहना र आत्माको छटपटी तथा असन्तुष्टि भावलाई प्रकट गरेका छन् । त्यो अधुरोपन न मातृभूमिका सम्झनाले मात्र मेटिन्छ, न त नयाँ समाजको अपनत्वले नै मेटिन्छ । यसले कविको चेतना एक सीमाहीन, निरन्तर प्रवाहित मानसिक अवस्थामा छ भन्ने सङ्केत गर्छ । व्यक्तिमा देखिएका मातृभूमिप्रतिको सम्झना, छटपटी र प्यास सीमाहीन मानसिक अवस्थाको द्योतक हो ।

मिश्रित पहिचानको निर्माण

मिश्रित पहिचानको निर्माण कुनै व्यक्ति वा समुदायले दुई वा बढी संस्कृतिगत, भाषिक, जातीय, भौगोलिक वा ऐतिहासिक पृष्ठभूमिको अनुभवलाई एउटै चेतनामा समेट्दै बनाएको नयाँ र जटिल पहिचान हो । डायस्पोरिक सन्दर्भमा हेर्दा मानिसहरू जन्मभूमिबाट टाढा हुँदा नयाँ देश वा समाजमा पुरानो पहिचान जोगाउन गर्ने सङ्घर्षलाई यसले देखाउँछ । यस किसिमका मानिसहरू न त पूर्णरूपमा अघिल्लो पहिचानमै बाँच्छन् न त नयाँमा मात्र सीमित रहन्छन् । उनीहरूको पहिचान मिश्रित र बहुआयामिक बन्न पुग्छ । यस किसिमको अवस्था र परम्परागत संस्कृतिको आह्वानलाई कविले कवितामार्फत यसरी प्रस्तुत गरेका छन् :

> ओ गाथाका नायक
> ओ लयका लती । ओ गतिका उन्नायक ।
> जगाऊ जनजाति खाँडो, गाऊ देउडा

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

लोकगीत गाऊ, लोकगाथा सुन,
धमारी, चैत, ढुस्कोमा रमाऊ
तिम्रो जातिको आदिम गाथा
तिम्रै ढोल झ्याम्टाले कहन्छन् तिम्रो साँचो इतिहास (पृ. ८५)

यसमा जनजातीय समुदायको मौलिक सांगीतिक परम्परा, मौखिक इतिहास र सांस्कृतिक पहिचानको आह्वान गरिएको छ । कविले औपचारिक तवरमा लेखिएको इतिहासले जनजातीय सांस्कृतिक अनुभवलाई कहिल्यै पूर्ण रूपमा समेट्न नसकेको आरोप लगाउँदै, आफ्नै ढोल, झ्याम्टा, लोकगीत, देउडा, धमारी, चैत, ढुस्को जस्ता मौलिक सांस्कृतिक चिन्हहरूलाई सत्य इतिहासका वाहकका रूपमा प्रस्तुत गरेका छन् । यसमा कविले पश्चिमी लेखन परम्परा (लेखिएको इतिहास) र मौखिक, ध्वनिमूलक, साङ्गीतिक जनसंस्कृति (लोकगाथा, लोकनृत्य, र लोकवाद्य) बचिको दूरी देखाएका छन् । एकातर्फ उनी आधुनिक विश्व र सत्ताको इतिहासले आफूलाई छुट्टाएको महसुस गर्छन्, अर्कोतर्फ आफ्नो आदिम सांस्कृतिक जरा खोज्दै त्यसलाई आधुनिक चेतनामा पुनर्स्थापित गर्न चाहन्छन् । यसमा कविले परम्परा र आधुनिकताको मिश्रण गरी आफ्नो पहिचानको नयाँ रूप निर्माण गर्न चाहेको सन्दर्भका माध्यमबाट डायस्पोरिक चेतनालाई प्रस्तुत गरेका छन् ।

राष्ट्रिय पहिचानप्रतिको मोह

व्यक्तिले आफ्नो देश, भाषा, संस्कृति, इतिहास, र परम्पराप्रति राख्ने गहिरो प्रेम, गर्व र आत्मीयता जनाउने भावनात्मक अवस्था नै राष्ट्रिय पहिचानप्रतिको मोह हो । विशेष गरी प्रवासमा बस्ने व्यक्तिहरूमा यो मोह झन् बलियो देखिन्छ । विदेशी परिवेशमा आफ्नो पहिचान हराउने डरले उनीहरू आफ्नो मातृभूमिप्रतिको सम्बन्ध अझ मजबुत बनाउने प्रयास गर्छन् । यस्तो मोह केवल भावनात्मक आवेग नभएर आफ्नै अस्तित्व, आत्मसत्ता र मूल्य प्रणालीको संरक्षण गर्न खोजिएको चेतनात्मक अभ्यास हो । यस किसिमको डायस्पोरिक चेतनालाई कवि सुवेदीले उनका कवितामा यसप्रकार प्रस्तुत गरेका छन् :

उपनिवेश बनेका देश
उपनिवेश नबनेका देश
यही परिवेशमा लाग्छ मलाई
आफ्नै देश नेपाल युगौँसँग विशेष (पृ. ८७)

उक्त कवितांशमा कविले आफ्नो मातृभूमि नेपालको पहिचानलाई ऐतिहासिक सन्दर्भमा पुनःस्थापित गरेका छन् । उपनिवेश बनेका र नबनेका देशहरूको तुलना गर्दै कविले नेपाललाई “युगौँसँग विशेष” भनेका छन् । यसमा उनले आफ्नो राष्ट्रप्रतिको गहिरो मोह, गर्व र आत्मसंग्लग्नता प्रकट गरेका छन् । यो मोह केवल भूगोलसँग मात्र नभएर नेपालले बनाएको ऐतिहासिक निर्णय, स्वतन्त्रता र सांस्कृतिक निरन्तरतासँग गाँसिएको छ । विशेषगरी प्रवासमा रहँदा बहुराष्ट्रिय पहिचानको भिडमा आफ्नो देशको अस्तित्व ओझेलमा पर्न सक्ने हुनाले कविले राष्ट्रिय पहिचानलाई पुनः पुष्टि गर्ने प्रयत्न गरेका छन् । उनले नेपाललाई केवल आफ्नो जन्मथलोका रूपमा मात्र नभएर ऐतिहासिक र स्वाभिमानी राष्ट्रको प्रतीकका रूपमा चित्रण गरेका छन् । विश्वका विविध राष्ट्रका तुलनामा आफ्नै देशको गरिमा र पहिचान उच्च रहेको तर्कका माध्यमबाट कविले राष्ट्रिय पहिचानप्रतिको मोहसम्बन्धी डायस्पोरिक चेतना प्रस्तुत गरेका छन् । कवि सुवदीले आफ्नो देशमा फर्कने सङ्कल्पलाई यसरी प्रस्तुत गरेका छन् :

फर्कन्छु, फर्कन्छु म कविताको देशमा
सर्वप्रथम त आँखा चिम्लेर गौतम बुद्धले
जस्तै हेर्छु आफैँलाई (पृ. १३२)

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

यसमा कविले “फर्कन्छु, फर्कन्छु म कविताको देशमा” भन्नु आफ्नो जन्मभूमिप्रतिको गहिरो आत्मीयता, स्मृति र तिर्सनालाई व्यक्त गर्नु हो । उनले मातृभूमिलाई “कविताको देश” भनेर चिनाएका छन् । उनका अनुसार यो केवल भूगोल मात्र नभएर सांस्कृतिक, भावनात्मक र आध्यात्मिक स्वदेश हो । गौतम बुद्धको दृष्टान्त दिँदै कविले आत्मपरीक्षण र अन्तर्मनमा फर्कने सङ्केत गरेका छन् । यसले प्रवासी नेपालीहरूको पहिचानको पुनः खोजलाई द्योतन गरेको छ । यसरी विदेशी भूमिमा रहेर देशको सांस्कृतिक मूल्य, भाषिक सौन्दर्य र आध्यात्मिक सम्पदा सम्झँदा कविभित्र एकप्रकारको चेतनात्मक तडप उत्पन्न भएको छ । त्यो तडप केवल नस्टाल्जिया मात्र नभएर फेरि मातृभूमिसँग भावनात्मक सम्बन्ध गाँस्ने तीव्र आकाङ्क्षा हो । त्यसैले सुवेदीका कवितामा राष्ट्रिय पहिचानप्रतिको मोह एक सशक्त डायस्पोरिक चेतनाका रूपमा अभिव्यक्त भएको छ । कविले आफ्नो देशलाई गीतैगीतको देश भन्दै स्वदेशप्रतिको मोहभाव कवितामा यसरी अभिव्यक्त गरेका छन् :

> गीतैगीतको देश मेरो
> म त योग गर्छु, ध्यान गर्छु
> किसानले ध्यान दिएर धान, मकै र
> कोदो गोडेजस्तै म ध्यान गर्छु
> अप्प दीपो भव
> मलाई नेपालकै बत्ती हुन मन छ (पृ. १३३)

कविले नेपाललाई गीतैगीतको देशको उपमा दिएर सिर्जनात्मकता, सांस्कृतिक समृद्धि र आत्मीयताको प्रतीक मानेका छन् । ध्यान, योग, खेतीजस्ता नेपाली जीवनशैलीका रूपकहरू प्रयोग गरेर कविले आफ्नो पहिचान र संस्कृतिप्रतिको झुकाव र सम्बन्धलाई अभिव्यक्त गरेका छन् । “म ध्यान गर्छु, किसानले गोडेजस्तै” भन्ने पंक्तिमा उनले आत्मसाक्षात्कारको माध्यमबाट मातृभूमिप्रतिको निष्ठा प्रकट गरेका छन् । “अप्प दीपो भव” र “मलाई नेपालकै बत्ती हुन मन छ” भन्ने अभिव्यक्तिले उनीभित्रको राष्ट्रियताप्रतिको गहिरो मोह झल्काएको छ । उनी नेपालको उज्यालो बन्न चाहन्छन् । नेपाली मूल्य र संस्कृतिका प्रतिनिधि बन्न चाहन्छन् । उनी शारीरिक रूपमा विदेशमा भए पनि मन, चेतना र पहिचान नेपालमै रहेको तथ्य यसले प्रस्तुत गर्दछ । यसरी उनको यस कविताले राष्ट्रप्रतिको समर्पण, भावनात्मक सम्बन्ध र पहिचानप्रतिको मोहलाई सशक्त रूपमा चित्रण गरेको छ । यसले राष्ट्रिय पहिचानप्रतिको मोहसम्बन्धी डायस्पोरिक चेतनालाई प्रस्तुत गरेको छ ।

मातृभूमिप्रतिको नस्टाल्जिया

आफ्नै जन्मभूमि, देश, गाउँ, संस्कार, भाषा र बाल्यकालको परिवेशप्रति हुने भावनात्मक सम्झना, तडप र गहिरो मोह जनाउने अवस्था नै मातृभूमिप्रतिको नस्टाल्जिया हो । विशेषतः जब कुनै व्यक्ति विदेशमा बस्छ वा मातृभूमिबाट टाढिन्छ, तब उसले विगतमा आफुले भोगेका, देखेका वा महसुस गरेका कुराहरू सम्झन्छ । ती कुराले उसको मनलाई बारम्बार छोइरहन्छ र विचलित बनाइरहन्छ । यस्ता सम्झनाहरू केवल सम्झनामा मात्र सीमित नभएर भावना, आँसु र चाहनामा रूपान्तरित हुन्छन् । यसले व्यक्तिभित्रका स्वदेशप्रेम र पहिचानलाई जागृत गराउँछ । देशप्रेम, आत्मपहिचान र सांस्कृतिक सम्पर्कका माध्यमबाट मातृभूमिप्रतिको नस्टाल्जियामा पु¥याएको सन्दर्भलाई सुवेदीले कवितामार्फत यसरी अभिव्यक्त गरेका छन् :

> जुगै भयो मकैका घोगा लागेको देख्न पाएको छैन मैले
> धानका बाला झुलेको सयपत्री,
> मखमली फुलेको देख्न पाएको छैन
> न्यास्रो लाग्थ्यो बाख्राको म्याँम्याँ
> कुखुराको कुखुरी काँ र मालचरी गीतको

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

लिङ्गेपिङ र चचहै चचहैको

सुर्ता लाग्थ्यो, आफू नै वनमान्छे भएको (पृ. ११२)

यस कवितांशमा कविले बाल्यकाल वा गाउँको जीवनसँग सम्बन्धित दृश्य–अनुभूतिहरूको स्मरण गरेका छन्। उनले मकैको घोगा, धानका बाला, सयपत्री–मखमली फूल, बाख्राको म्याँम्याँ, कुखुराको आवाज, मालचरी गीत, लिङ्गेपिङ आदिको सम्झनाका माध्यमबाट मातृभूमिप्रतिको मोह र यादलाई देखाएका छन्। नेपाली ग्रामीण जीवनका यस्ता प्रतीकहरूले कविको पहिचान, स्मृति र भावनात्मक सम्बन्धलाई दर्शाएका छन्। तर ती सबै चीजहरू कविको वर्तमान जीवनबाट हराइसकेका छन्। परदेशमा बितिरहेको जीवनका कारण आफूले यी कुराहरूबाट अलग रहनुपरेको चिन्ता कवि व्यक्त गर्दछन्। उनमा आफू गुमनाम भएको, शून्यता महसुस भएको तथा "आफू नै वनमान्छे भएको" अनुभूति पनि यहाँ देखिन्छ। यसर्थ मातृभूमिको भूगोल, आवाज, रङ्ग, गन्ध आदि सबै कुराको स्मृतिले तड्पाउनु तथा शून्य, रित्तो र एक्लो महसुस गराउनु मातृभूमिप्रतिको नस्टाल्जियासम्बन्धी डायस्पोरिक चेतना हो।

आत्मकथात्मक लेखनको प्रभाव

सुवेदीका कवितामा डायस्पोरिक लेखनमा प्रयोग गरिने आत्मकथात्मक लेखन शैलीको प्रभाव पाइन्छ। उनले कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरी म पात्रका भोगाइ तथा डायस्पोरिक अनुभूतिलाई प्राथमिकताका साथ प्रस्तुत गरेका छन्। म पात्रको जीवनभोगाइका विविध पाटाहरूलाई स्वदेशप्रतिको प्रेम, मोह र स्मरणका माध्यमबाट चित्रण गरेका छन्। उनले "म फर्कन्छु", "म ध्यान गर्छु", "मलाई नेपालकै बत्ती हुन मन छ" जस्ता पङ्क्तिका माध्यमबाट म पात्रका अनुभूति, स्मृति, विचार र भावनात्मक अवस्थालाई प्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन्। यस्तो शैलीले पाठकसँग आत्मीयता कायम गर्नुका साथै कविका निजी भावनालाई सार्वजनीकरण गर्न सहयोग पुऱ्याउने देखिन्छ।

कवि सुवेदीले यस कवितामा स्मरणात्मक (नस्टाल्जिक) शैलीको समेत प्रयोग गरेका छन्। "गीतैगीतको देश", "कविताको देश", "धान मकै गोड्ने किसान", "नेपालकै बत्ती" जस्ता बिम्बका माध्यमबाट कविले विगतप्रतिको गहिरो प्रेम र स्मृतिको झझल्को प्रस्तुत गरेका छन्। कविले यस कवितामा आफ्ना बाल्यकालीन अनुभूतिहरू, गाउँको संस्कृति र मातृभूमिको सौन्दर्यलाई वर्तमान भावनासँग जोडेर चित्रण गरेका छन्। उनले "गौतम बुद्धले जस्तै हेर्छु आफैँलाई", "आँखा चिम्लनु भनेको निदाउनु होइन", "अप्प दीपो भव" आदि अभिव्यक्तिका माध्यमबाट स्वदेशप्रेमप्रतिको दार्शनिक भावलाई समेत प्रस्तुत गरेका छन्। यसरी उनले आत्मचिन्तन, योग, ध्यान र चेतनाको अभ्यासमार्फत मातृभूमिप्रतिको मोह, स्मरण एवम् आत्मीय सम्बन्धको उजागर आत्मकथनात्मक शैलीको प्रयोग गरेको हुनाले डायस्पोरिक अनुभव संवेदनशील र गहन रूपमा कवितामा प्रस्तुत भएको देखिन्छ। यसरी सुवेदीका कवितामा सांस्कृतिक नस्टाल्जिया, पहिचानको द्वन्द्व, सांस्कृतिक विस्थापन, सीमाहीन मानसिक अवस्था, मिश्रित पहिचानको निर्माण, राष्ट्रिय पहिचानप्रतिको मोह, मातृभूमिप्रतिको नस्टाल्जियाका साथै आत्मकथनात्मक लेखनको प्रभावजस्ता प्रवृत्ति पाइन्छन्। यिनै प्रवृत्तिले उनको प्रस्तुत कृतिलाई डायस्पोरिक चेतनायुक्त बनाएको छ।

निष्कर्ष

लालगोपाल सुवेदीको चेतनप्रवाहमा सारेगमप लामो कविताले अमेरिकी भूमिमा बसेर नेपाललाई स्मरण गर्ने र स्वदेशकै चिन्ता तथा चिन्तनमा तल्लीन हुने डायस्पोरिक चेतनाको भावलाई उजागर गरेको छ। अमेरिकी भूमिमा बस्दै आएका कविद्वारा लिखित यो कविता नेपाली समाज, संस्कृति र पहिचानप्रति गहिरो आत्मीयता, चिन्ता एवम् मोहको अभिव्यक्ति हो। डायस्पोरिक साहित्यका विस्थापन, पहिचानको सङकट, सांस्कृतिक नस्टाल्जिया, सांस्कृतिक विस्थापन, सीमाहीन मानसिक अवस्था र मिश्रित पहिचानको निर्माण, आत्मकथात्मक शैलीजस्ता प्रवृत्तिहरू यसमा सशक्त रूपमा प्रतिबिम्बित छन्। सुवेदीको काव्यचेतना आत्मकथात्मक, भावप्रवण र

आलोचनात्मक देखिन्छ । व्यक्तिगत पीडामात्र नभई सामूहिक सांस्कृतिक विच्छेदनको चेतनालाई पनि उनले कविताम समेटेका छन् । नेपाली ग्रामीण जीवनका प्रतीकहरू (सारङ्गी, चौतारी, ढिकी, देउडा, आदि) हराउँदै जानु, नयाँ पुस्ताले तिनलाई नचिन्ने अवस्था आउनु, पानीको प्यास नमेटिनु, विदेशी भूमिमा अपूर्णता र असन्तुष्टि बोध हुनु, स्वदेशी संस्कृति, परम्परा र इतिहास जगेर्नाको चिन्ता हुनु, आफ्नो देशभन्दा राम्रो अरू नदेख्नुजस्ता सन्दर्भका माध्यमबाट डायस्पोरिक चेतनालाई कवितामा प्रस्तुत गरिएको छ । यसरी सुवेदीको प्रस्तुत कृतिमा सांस्कृतिक नस्टाल्जिया, पहिचानको द्वन्द्व, सांस्कृतिक विस्थापन, सीमाहीन मानसिक अवस्था, मिश्रित पहिचानको निर्माण, राष्ट्रिय पहिचानप्रतिको मोह, मातृभूमिप्रतिको नस्टाल्जियाका साथै आत्मकथनात्मक लेखनको प्रभावजस्ता प्रवृत्ति पाइन्छन् । यिनै प्रवृत्तिले उनको प्रस्तुत कृतिलाई डायस्पोरिक चेतनायुक्त बनाएको छ । यी प्रवृत्तिहरूमध्ये राष्ट्रिय पहिचानप्रतिको मोह सशक्त बनेको छ । उनका कृतिमा अभिव्यक्त डायस्पोरिक चेतनाले कृतिलाई थप कलात्मक एवम् शक्तिशाली बनाएको छ । तसर्थ सुवेदीको प्रस्तुत कृति डायस्पोरिक लेखन मात्र नभएर मानसिक, सांस्कृतिक र ऐतिहासिक विमर्शको कविता हो । यसले एक प्रवासी व्यक्तिको आत्मसङ्घर्ष, स्वदेशप्रेम, सांस्कृतिक विस्थापन र पहिचानको खोजीलाई साहित्यिक शिल्पमा पस्केर डायस्पोरिक चेतनालाई नेपाली कवितामा सशक्त रूपमा प्रस्तुत गरेको छ ।

सन्दर्भसूची

भट्टराई, गोविन्दराज (२०८१), 'नवीन सिर्जना टेक्निकको सफल प्रयोगले बनेको उत्कृष्ट रचना', चेतनप्रवाहमा सारेगमप (लेखकः लालगोपाल सुवेदी), काठमाडौँ : लालगोपाल सुवेदी ।

मिश्र, डिल्लीराम 'कलमजीवी' (सम्पा.) (२०८०), शब्दविम्बमा कवि लालगोपाल सुवेदी, काठमाडौँ : थाक्रो प्रकाशन ।

सुवेदी, अभि (२०८१), 'लालगोपालको प्रभावकारी काव्यशैली', चेतनप्रवाहमा सारेगमप (लेखकः लालगोपाल सुवेदी), काठमाडौँ : लालगोपाल सुवेदी ।

सुवेदी, लालगोपाल (२०८१), चेतनप्रवाहमा सारेगमप, काठमाडौँ : लालगोपाल सुवेदी ।

Bhabha, Homi K. (1994). *The Location of Culture*. London: Routledge.

Boym, Svetlana. (2001). *The Future of Nostalgia*. New York: Basic Books.

Braziel, Jana Evans, & Mannur, Anita. (Eds.). (2003). *Theorizing Diaspora: A Reader*. Malden, MA: Blackwell Publishing.

Clifford, James. (1994). Diasporas. *Cultural Anthropology*, 9(3), 302–338.

Cohen, Robin. (1997). *Global Diasporas: An Introduction*. Seattle: University of Washington Press.

Hall, Stuart. (1990). Cultural Identity and Diaspora. In Rutherford, Jonathan (Ed.), *Identity: Community, Culture, Difference* (pp. 222–237). London: Lawrence & Wishart.

Mishra, Vijay. (1996). The Diasporic Imaginary: Theorizing the Indian Diaspora. *Textual Practice*, 10(3), 421–447.

Rushdie, Salman. (1991). *Imaginary Homelands: Essays and Criticism 1981–1991*. London: Granta Books.

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।